जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी
राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : mgnd2070@gmail.com

बर्षः १३, अंकः १२५ पृष्ठः ४ | २०८३ भदौ २२ सोमबार (Monday 07 Sept. 2026) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

## सामुदायिक विद्यालयलाई सम्पूर्ण जाती र वर्गको साझा संस्थाको रुपमा स्थापति गर्नु छ : शिक्षा मन्त्री सिंहल




**आशिष विश्वकर्मा**

सिरहा, २१ भदौ। सामुदायिक विद्यालय खास जाती र वर्गका छात्र–छात्रा अध्ययन गर्ने थलोकोरुपमा विकास भइरहेको प्रति शिक्षा तथा संस्कृति मन्त्री मनोज कुमार सिंहले चिन्ता व्यक्त गरेका छन्। सिरहाको गोलबजारमा सम्पन्न प्रधानाध्यापक संघ, नेपाल (पान)को तेस्रो सिरहा जिल्ला अधिवेशनलाई आइतबार सम्वोधनगर्दै मन्त्री सिंहले सामुदायिक विद्यालयहरु निश्चित जाती, समुदायका र वर्गका बालबच्चा बढ्ने विद्यालयको रुपमा विकासहुँदै गएको भन्दै चिन्ता व्यक्त गरेका हुन्।

सामुदायिक विद्यालयलाई सम्पूर्ण वर्ग, समुदाय, र जातजातीका छात्र–छात्रा अध्ययन गर्ने साझा थलोको रुपमा जोगाई राख्नु पर्नेमा जोड दिए। उनले भने, ‘‘हाम्रा सामुदायिक विद्यालयहरु खास वर्ग र जातीका विद्यार्थी पढ्ने थालेजस्तो देखिएको छ। यसलाई सुधार्न सकिन्छ त्यसको लागि गुरुवर्गहरुले योजनाबद्ध रुपमा काम गर्न आवश्यक छ। सामुदायिक विद्यालयलाई सम्पूर्ण जाति, समुदाय र वर्गको साझा संस्थाको रुपमा स्थापति गर्नु पर्छ।’

उनले सामुदायकि विद्यालयलाई तीनै तहका सरकार, शिक्षक, अभिभावक, नागरिक समाजको सामुकिहिक प्रयासबाट सुधार गर्न सकिने बताए। सम्वोधनकै क्रममा मन्त्री सिंहले संविधानले शिक्षा र स्वास्थ्यलाई नैसर्गिक अधिकारको रुपमा परिभाषित गरेपनि सरकारको नीति, योजना र कार्यक्रममा भने प्राथमिकतामा नपर्ने बताए। विकासको मेरुदण्ड शिक्षा हो भन्ने हामी नेताहरुले फलाक्दै आएपनि बजेटमा भने उचित स्थान नपाएको प्रति चिन्ता व्यक्त गरे। उनले भने,

–बाँकी तीन पेजमा

## राप्रपा महामन्त्री शरदराज पाठकद्वारा पार्टी परित्याग

काठमाडौं, २१ भदौ। राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा)का महामन्त्री शरदराज पाठकले पार्टी परित्याग गरेका छन्। आइतबार प्रेस विज्ञप्ती जारी गर्दै पाठकले कुनै पनि जिम्मेवारीमा नरहने गरी राप्रपा छाडेको जानकारी दिएका हुन्।

राप्रपालाई समयानुकूल पुनर्संरचना गरी सुशासनप्रति इमानदारीपूर्वक प्रतिबद्ध तथा सबै उमेर, वर्ग, समुदाय र भूगोलका जनताले भरोसा गर्न सक्ने दलका रूपमा रूपान्तरण गर्ने सहमति अनुसार एकता भए पनि त्यस दिशामा ठोस परिणाममुखी काम नभएको भन्दै उनले राप्रपा छाडेका हुन्।

‘पार्टीको विचारधारा र व्यवहारबीच चरम विरोधाभास कायमै रहयो। भ्रष्टाचार गरेर खानु



आमाको रगत खाएसरह हो भन्ने जस्तो कठोर नारालाई मूलमन्त्र मानेको बताउने पार्टीभित्र त्यसअनुरूपको व्यावहारिक प्रतिबद्धता र पारदर्शितामा ठूलो अभाव छ,’ विज्ञप्तीमा भनिएको छ।

पार्टीको केन्द्रीय नेतृत्व तहमा स्थापनाकालदेखिकै दिक्कलाग्दो आन्तरिक बेमेल र गुटहरूको निजी स्वार्थपूर्ण तित्त संघर्ष झन्

–बाँकी तीन पेजमा

## आकाशे पानीको भरमा मधेसको धान खेती

**अजय शाह**

महोत्तरी, २१ भदौ। देशकै प्रमुख धान उत्पादन क्षेत्रका रूपमा चिनिने मधेस प्रदेशका आधाभन्दा बढी खेतीयोग्य जमिन अझै आकाशे पानीको भरमा रहेको छ। पर्याप्त सिँचाइ सुविधा विस्तार हुन नसक्दा अनियमित वर्षाको प्रत्यक्ष असर धान उत्पादनमा पर्ने गरेको छ। प्रदेश सरकारको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयले प्रकाशित गरेको ‘कृषि दर्पण’ अनुसार प्रदेशमा खेती गरिएको कुल क्षेत्रफलको ४९ दशमलव ४४ प्रतिशत जमिनमा मात्रै सिँचाइ सुविधा पुगेको छ। बाँकी क्षेत्र वर्षामा निर्भर छ।



सिँचाइको पहुँच जिल्लाअनुसार फरक छ। सर्लाहीमा ७२ दशमलव ६८ प्रतिशत खेतीयोग्य जमिन सिञ्चित रहेको छ, भने पर्सामा ६१ दशमलव २१ प्रतिशत, धनुषामा ५१ प्रतिशत, बारामा ५० प्रतिशत र रौतहटमा ४८ दशमलव ९१ प्रतिशतमा सिँचाइ सुविधा पुगेको छ। सिरहामा ३९ दशमलव ७८ प्रतिशत, सप्तरीमा करिब ३४ प्रतिशत र महोत्तरीमा ३२ दशमलव ५४ प्रतिशत जमिन मात्रै सिञ्चित छ।

–बाँकी तीन पेजमा




**GUPTA BROTHER'S AUTO TRADE**
Mirchaiya, 033-550744 | 9801552812

## बर्डफ्लुजन्य जोखिमबाट सुरक्षित बनौं

- कुखुरा तथा पन्छीपालनमा सुरक्षा तथा सावधानीका उपाय अपनाऔं,
- अस्वस्थ वा मरेका पन्छीको सम्पर्कबाट टाढा रहौं,
- पन्छी छोएपछि साबुनपानीले राम्रोसँग हात धुने बानी बसालौं,
- कुखुरा तथा अण्डा राम्ररी पकाएर मात्र खाने गरौं,
- पन्छीपालन क्षेत्र र वरपरको वातावरण सफा राखौं,
- शंकास्पद लक्षण देखिए वा पन्छी मरेमा सम्बन्धित निकायलाई जानकारी गराऔं,
- पन्छीको अवैध ओसारपसार र बिक्री वितरण रोक्न सहयोग गरौं,
- स्वास्थ्य सुरक्षाका उपाय अपनाई रोगको जोखिम घटाऔं।

**सावधानी अपनाऔं, बर्डफ्लुको जोखिम घटाऔं**

नेपाल सरकार
**विज्ञापन बोर्ड**

# सम्पादकीय

## खेलकुदमा लगानी, युवामा ऊर्जा

खेलकुदलाई मनोरञ्जन वा समय कटाउने माध्यमका रूपमा मात्र बुझ्ने प्रवृत्ति अब बदलिनुपर्छ। खेलकुद अनुशासन, आत्मविश्वास, स्वास्थ्य, नेतृत्व विकास र सामाजिक एकताको महत्वपूर्ण आधार हो। अझ युवापुस्तालाई सकारात्मक बाटोमा डोऱ्याउने प्रभावकारी माध्यमका रूपमा यसको भूमिका झन् महत्वपूर्ण छ। त्यसैले स्थानीय तहले खेलकुदको विकासलाई आफ्नो प्राथमिकतामा राख्नु आवश्यक छ।

सिरहाको गोलबजारमा आयोजित मधेश प्रदेशस्तरीय सितोरियो कराँतेको 'ब्ल्याक बेल्ट दीक्षान्त तथा अपग्रेडिङ' कार्यक्रममा नगर प्रमुखले खेलकुद विकासका लागि नगरपालिकाले सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नु सकारात्मक सन्देश हो। कराँतेजस्तो अनुशासन र आत्मरक्षासँग प्रत्यक्ष जोडिएको खेललाई प्रोत्साहन गर्ने स्थानीय सरकारको प्रतिबद्धता व्यवहारमा पनि देखिनुपर्छ।

सितोरियो कराँते केवल शारीरिक अभ्यासको खेल होइन। यसले आत्मअनुशासन, धैर्य, आत्मविश्वास र आत्मरक्षाको क्षमता विकास गर्छ। विशेषगरी बालबालिका तथा युवालाई अनुशासित बनाउन खेलकुदको योगदान महत्वपूर्ण हुन्छ। आजको डिजिटल लत, बढ्दो निष्क्रिय जीवनशैली र युवामा देखिँदै गएको निराशाका बीच खेलमैदानले उनीहरूलाई स्वस्थ र सिर्जनशील गतिविधितर्फ आकर्षित गर्न सक्छ।

तर प्रतिबद्धता व्यक्त गर्नु मात्र पर्याप्त हुँदैन। खेलाडीलाई प्रशिक्षण गर्ने पर्याप्त पूर्वाधार छैन, खेल सामग्रीको अभाव छ, नियमित प्रतियोगिता आयोजना हुँदैन र प्रतिभावान खेलाडीले अवसर नपाउने अवस्था छ भने घोषणाको अर्थ रहँदैन। स्थानीय सरकारले खेलकुदका लागि छुट्याएको बजेट पारदर्शी र प्रभावकारी रूपमा खर्च गर्नुपर्छ। खेलाडीको आवश्यकता पहिचान गरेर प्रशिक्षण, खेल सामग्री, प्रतियोगिता, प्रशिक्षक र खेलमैदानमा लगानी गर्नुपर्छ।

गोलबजारमा भएको प्रदेशस्तरीय कार्यक्रममा मधेशका विभिन्न जिल्ला र उदयपुरको कटारीबाट समेत करिब १५० खेलाडी सहभागी हुनु यस क्षेत्रको खेल प्रतिभाको संकेत हो। यस्ता प्रतियोगिताले खेलाडीलाई आफ्नो क्षमता प्रदर्शन गर्ने अवसर दिन्छ। तर यस्ता कार्यक्रमलाई वार्षिक औपचारिकतामा सीमित राख्नु हुँदैन। प्रतियोगिताबाट पहिचान भएका प्रतिभालाई निरन्तर प्रशिक्षण र अवसर उपलब्ध गराउने प्रणाली बनाउनुपर्छ।

कराँतेसँगै फुटबल र क्रिकेटजस्ता लोकप्रिय खेलको विकासमा पनि स्थानीय तहले ध्यान दिनुपर्छ। प्रत्येक खेलको प्रकृति र आवश्यकताअनुसार पूर्वाधार निर्माण गर्न सकिएमा गाउँ–गाउँबाट प्रतिभा उत्पादन गर्न सकिन्छ। खेलाडी उत्पादन गर्ने काम केवल राष्ट्रिय वा प्रदेश सरकारको जिम्मेवारी होइन। स्थानीय तह नै प्रतिभाको पहिलो पहिचान र विकासको केन्द्र बन्न सक्छ।

खेलकुदमा लगानीको प्रतिफल तत्काल पैसामा नदेखिए पनि यसको सामाजिक प्रतिफल दीर्घकालीन हुन्छ। एउटा राम्रो खेलाडीले आफ्नो परिवार, गाउँ, जिल्ला र देशकै नाम अन्तर्राष्ट्रियस्तरसम्म पुऱ्याउन सक्छ। खेलकुदले पर्यटन, रोजगारी र स्थानीय अर्थतन्त्रमा समेत योगदान पुऱ्याउन सक्छ। त्यसैले खेलकुदमा गरिएको खर्चलाई अनुत्पादक खर्चका रूपमा हेर्नु गलत हुन्छ। स्थानीय सरकारहरूले अब 'प्रतियोगिता आयोजना गर्ने' सोचबाट माथि उठेर 'खेलाडी उत्पादन गर्ने' नीति लिनुपर्छ। विद्यालयस्तरदेखि नै खेल प्रतिभाको पहिचान, नियमित प्रशिक्षण, प्रशिक्षकको व्यवस्था र स्थानीय प्रतियोगिताको निरन्तरता आवश्यक छ। महिला खेलाडी र विपन्न परिवारका प्रतिभालाई विशेष अवसर दिन सकिए अझ प्रभावकारी हुनेछ।

गोलबजार नगरपालिकाले खेलकुद विकासमा सहयोग गर्ने प्रतिबद्धता जनाएको छ। अब त्यसको परीक्षा कार्यान्वयनमा हुनेछ। खेलाडीले प्रस्ताव लिएर नगरपालिका पुग्दा प्रक्रिया सहज हुनुपर्छ, बजेट विनियोजन स्पष्ट हुनुपर्छ र सहयोग पहुँच तथा सम्बन्धका आधारमा होइन, प्रतिभा र आवश्यकताका आधारमा हुनुपर्छ। खेलकुदमा लगानी गर्नु युवाको भविष्यमा लगानी गर्नु हो। अनुशासित, स्वस्थ र आत्मविश्वासी युवा नै समृद्ध समाजको आधार हुन्। त्यसैले गोलबजार मात्र होइन, मधेशका सबै स्थानीय तहले खेलकुदलाई प्राथमिकताका साथ अघि बढाउनुपर्छ। मैदान, सामग्री र अवसर पाए हाम्रा युवाले पदक मात्र होइन, समाजको सकारात्मक रूपान्तरणसमेत जित्न सक्छन्।

# गाली र ट्रोलको अर्थतन्त्रः रिस तपाईंको, कमाइ अर्काको



डा. निर्मल कँडेल

एउटी महिला काखमा सानो बच्चा लिएर विपत्को बीचमा रोइरहेकी छिन्। उनी उद्धार र सहयोग मागिरहेकी छिन्। तर, सामाजिक सञ्जालमा केही मानिसलाई उनको पीडा देख्दैनन्। कसैले राजनीतिक परिचय खोज्छ, कसैले रुवाइको खिल्ली उडाउँछ, कसैले अश्लील गाली गर्छ, कसैले 'मरे हुन्थ्यो' भन्ने तहसम्मको टिप्पणी गर्छ। अर्को दृश्य पनि उस्तै चिन्ताजनक छ। पूरै पढ्नै केही मिनेट लाग्ने पोस्टमा एक मिनेट नबित्दै 'गज्जब' र 'सही कुरा' भन्ने प्रतिक्रिया आउँछ। नपढी प्रशंसा गर्नु र आलोचकलाई तुरुन्त 'विरोधी' ठान्नु समर्थन होइन, अन्धभक्ति हो।

यी दुई दृश्य फरक देखिए पनि जड एउटै छ। हामी सोचेर प्रतिक्रिया दिइरहेका छौं कि भिडको गतिमा ? यस्तो दृश्य देख्दा प्रश्न उठ्छ, हामी यति असंवेदनशील कसरी भयौं ? तर, अर्को अझ महत्त्वपूर्ण प्रश्न छ, यो रिस, गाली र विभाजनबाट फाइदा कसलाई भइरहेको छ ? आजको डिजिटल संसारमा हाम्रो ध्यान नै मुद्रा हो। हामीले के हेर्‍यौं, कहाँ रोकियौं, कहाँ रिसायौं, के लेख्यौं र के शेयर गर्‍यौं, यी सबैको मूल्य छ। प्रतिक्रिया बढ्यो भने पहुँच बढ्छ। पहुँचले अनुयायी बढाउँछ, अनुयायीले प्रभाव र प्रभावले विज्ञापन, प्रायोजन, राजनीतिक पहुँच वा आर्थिक लाभ।

त्यसैले केहीका लागि सामाजिक विभाजन समस्या होइन, व्यापार हो। झूट, आधा–सत्य, अपमान, भय र घृणालाई आकर्षक प्याकेजमा बजारमा फालिन्छ। समर्थक र विरोधी भिड्छन्। एउटाले गाली गर्छ, अर्कोले दोब्बर फर्काउँछ। विवाद चर्किन्छ, सामग्री फैलिन्छ, खाता भाइरल हुन्छ। तर, घण्टौं गाली गर्नेले के पाउँछ ? समय जान्छ, मानसिक शान्ति जान्छ, कहिलेकाहीं प्रतिष्ठा पनि जान्छ। पहुँच अर्काको बढ्छ, प्रभाव अर्काको बढ्छ, कमाइको सम्भावना पनि अर्कैको बढ्छ। ट्रोलले गाली गर्छ, खातावालाले कमाउँछ। ट्रोललाई लाग्छ ऊ लडिरहेको छ। वास्तवमा ऊ कसैको निःशुल्क डिजिटल दास बनिरहेको हुन्छ।

झूटको यो बजार किन प्रभावकारी छ भन्ने वैज्ञानिक प्रमाण एमआईटीको अध्ययनले दिएको छ, जसले सन् २००६–२०१७ बीच ट्विटरका करिब १ लाख २६ हजार समाचार अध्ययन गर्दा झूट सत्यभन्दा छिटो र व्यापक रूपमा फैलिएको पायो। झूटो समाचार पुनःप्रेषित हुने सम्भावना सत्यको तुलनामा करिब ७० प्रतिशत बढी थियो र १,५०० मानिससम्म पुग्न सत्यलाई झूटभन्दा करिब छ गुणा बढी समय लाग्थ्यो। रोचक कुरा, झूट फैलाउने काममा यन्त्रभन्दा मानिसकै भूमिका बढी देखियो।

कारण बुझ्न कठिन छैन। सत्यले उत्तेजना नदिन सक्छ, झूटले तुरुन्त ध्यान तान्छ। तथ्यले धैर्य माग्छ, अपमानले तुरुन्त प्रतिक्रिया। विवेकले सोच्न समय माग्छ, रिसले तुरुन्त औंला चलाउँछ। त्यसैले गाली र ध्रुवीकरण डिजिटल बजारका सस्ता तर प्रभावकारी इन्धन बनेका छन्। यसमा एल्गोरिदमको पनि खेल छ, जति रिस, विवाद र प्रतिक्रिया बढ्यो, सामग्री उति धेरै मानिससम्म पुग्ने सम्भावना बढ्छन् अन्ततः हाम्रो आक्रोश नै कसैको पहुँच र कमाइको इन्धन बन्छ।

हामीलाई लाग्छ, मन नपरेको सामग्रीमा गएर गाली गर्दा त्यसको विरोध गरिरहेका छौं। तर, डिजिटल प्रणालीका लागि समर्थन र विरोध दुवै सहभागिता हुन सक्छन्। तपाईं रिसाएर बारम्बार प्रतिक्रिया दिनुहुन्छ, सामग्री झन् फैलिन्छ। यही डिजिटल व्यापारको अलौकिक सफलता हो, मानिसलाई यति रिस उठाऊ कि उसले आफूले घृणा गरेको सामग्री आफैं फैलाओस्। भनिन्छ, यदि तपाईंले उत्पादनको मूल्य तिरिरहनुभएको छैन भने सम्भवतः तपाईं आफैं उत्पादन हुनुहुन्छ। तर, हामी त्योभन्दा पनि अगाडि पुगिसकेका छौं। तपाईं मात्र उत्पादन होइन। तपाईंको रिस पनि उत्पादन हो। तपाईंको आक्रोश उत्पादन हो। तपाईंको राजनीतिक घृणा उत्पादन हो।

आज कुनै नेता, टेलिभिजनकर्मी, कलाकार, गायक, सामाजिक अभियन्ता वा सामाजिक सञ्जालको प्रभावशाली व्यक्तिले उत्तेजक कुरा लेख्छन्। सबैले यस्तो गर्छन् भन्ने पनि होइन। तर, केहीले अपमानलाई शैली, गालीलाई साहस र असहमतिलाई दुश्मनीका रूपमा बेचिरहेका छन्। पत्रकारलाई अपमान गर्‍यो भने 'दमदार जवाफ', प्रश्न गर्नेलाई होच्यायो भने 'निडर', भिड उक्सायो भने 'जनताको आवाज' र जलाउँछु भन्नेलाई 'वीर विक्रम' भनिन्छ। तर, प्रश्न हो, यो साँच्चिकै जनताको आवाज हो कि जनताको आक्रोशको व्यापार ? आज तपाईं कुनै प्रभावशाली खाताको पक्षमा हुनुहुन्छ। उसका आलोचकलाई गाली गर्नुहुन्छ, दिनभरि बचाउ गर्नुहुन्छ, उसका सामग्री फैलाउनुहुन्छ। तपाईंलाई लाग्छ, हामी एउटै पक्षमा छौं। तर, त्यो सम्बन्ध विचारको हुन सक्छ, व्यापारको पनि।

आज तपाईंले उसको पहुँच बढाइदिनुभयो। भोलि तपाईंले एउटा असहज प्रश्न सोध्नुभयो वा असहमति जनाउनुभयो भने त्यही भिड तपाईंमाथि फर्किन सक्छ। घृणाले बनाएको भिडको स्थायी निष्ठा हुँदैन। आज अरूको घरतिर आगो लाग्दा ताली बजाउनेले सम्झिनुपर्छ, हावा सधैं एउटै दिशामा चल्दैन। सन् २०२० मा मैले 'इन्फर्मेसन डिसअर्डर सिन्ड्रोम एन्ड इट्स म्यानेजमेन्ट' शीर्षकमा वैज्ञानिक लेख प्रकाशित गर्दा गलत, भ्रामक र हानि पुऱ्याउने सूचनालाई एउटा निरन्तरताका रूपमा हेर्ने प्रयास गरेको थिएँ।

आर्थिक वा राजनीतिक लाभका लागि गलत सूचना उत्पादन र प्रसारलाई समस्याको गम्भीर तहका रूपमा प्रस्ताव गरेको थिएँ। छ वर्षपछि अर्को आयाम अझ स्पष्ट छ, सूचना अव्यवस्था अब केवल सूचना बिगार्ने प्रक्रिया रहेन, यो अर्थतन्त्र बनेको छ। झूटले कमाइ हुन्छ भने झूट उत्पादन हुन्छ। अपमानले पहुँच बढाउँछ भने अपमान उत्पादन हुन्छ। विवादले अनुयायी बढाउँछ भने विवाद उत्पादन हुन्छ। घृणाले राजनीतिक प्रभाव बढाउँछ भने घृणा उत्पादन हुन्छ। समाजको मनोबल घट्छ, कसैको प्रभाव बढ्छ। त्यसैले अब सनसनीपूर्ण सामग्री देख्दा 'यो सत्य हो ?' मात्र होइन, 'मलाई यो किन देखाइँदैछ ? मलाई किन रिस उठाइँदैछ ? र मेरो रिसबाट कसलाई फाइदा हुन्छ ?'पनि सोध्नुपर्छ।

सन् २०२५ मा नेपालले सामाजिक सञ्जाल कम्पनीलाई दर्ता हुन र स्थानीय प्रतिनिधि तोक्न भनेपछि दर्ता नभएका मञ्च बन्द गऱ्यो। विषय छिट्टै प्रतिबन्ध, अभिव्यक्ति स्वतन्त्रता र राज्य नियन्त्रणसँग जोडियो र राजनीतिक असन्तुष्टि, भ्रष्टाचारविरोधी भावना र युवा आक्रोश थपिँदा अवस्था विस्फोटक बन्यो। पाठ स्पष्ट छ, नियमनका नाममा सरकारले स्वतन्त्रता दबाउन मिल्दैन, तर त्यसको डरले आर्थिक, कानुनी र नैतिक जवाफदेहिता नचाहिने भन्नु पनि गलत हो। दर्ता र प्रतिबन्ध, नियमन र सेन्सरशिप, आर्थिक पारदर्शिता र राजनीतिक निगरानी एउटै होइनन्।

सरकारले कसले सरकारको आलोचना गर्छ भनेर होइन, कसले सार्वजनिक प्रभावलाई विकृति वा पैसामा बदलिरहेको छ भनेर हेर्नुपर्छ। ठूलो पहुँचबाट नियमित आम्दानी गर्ने सार्वजनिक खाताले विज्ञापन, प्रायोजन, पैसा लिएर बनाएका वा राजनीतिक सामग्री र आम्दानीका स्रोतबारे पारदर्शिता कायम गर्नुपर्छ तथा कानुनअनुसार कर तिर्नुपर्छ। यी सरकारसमर्थक वा सरकारविरोधी प्रश्न होइनन्। यी आर्थिक पारदर्शिता र सार्वजनिक जवाफदेहिताका प्रश्न हुन्। विशेष गरी कुनै खाताले योजनाबद्ध रूपमा गलत सूचना, निरन्तर गाली, भिड परिचालन वा सामाजिक ध्रुवीकरणबाट पहुँच र आम्दानी बढाइरहेको छ भने त्यसको व्यावसायिक गतिविधिमा कानुनसम्मत पारदर्शिता र जवाफदेहिता खोज्नु अनुचित होइन।

तर, यसको अर्थ सरकारले हरेक नागरिकको सामाजिक सञ्जाल निगरानी गर्नुपर्छ भन्ने होइन। निगरानी विचारको होइन, व्यावसायिक आम्दानी र कानुनले तोकेको सार्वजनिक जवाफदेहिताको हुनुपर्छ। नेपालमा नियमनको कुरा गर्दा 'स्वतन्त्रता सकियो' भन्ने आवाज उठ्न सक्छ। तर, संसारको दिशा पनि हेर्नुपर्छ। अस्ट्रेलियाले १६ वर्षमुनिका बालबालिकालाई निश्चित सामाजिक सञ्जालमा खाता खोल्न वा कायम राख्न नदिन मञ्चहरूलाई जिम्मेवार बनाएको छ। यसको अर्थ अभिव्यक्ति स्वतन्त्रता समाप्त गर्नु होइनन्त डिजिटल संसारलाई पूर्णतः आफ्नै गतिमा छोड्दा बालबालिका स्वतः सुरक्षित हुँदैनन् भन्ने स्वीकार गर्नु हो।

सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याउने प्रयास पनि नेपालमा मात्र भएको होइन। इन्डोनेसियाले स्वदेशी तथा विदेशी डिजिटल मञ्चलाई अनिवार्य दर्ताको व्यवस्था गरेको छ। भारत र टर्कीले ठूला सामाजिक सञ्जाल कम्पनीलाई देशभित्र जिम्मेवार प्रतिनिधि राखेर स्थानीय कानुनप्रति जवाफदेही बनाएका छन्। शिक्षामा पनि संसार अघि बढिरहेको छ। फिनल्यान्डले सानैदेखि मिडिया साक्षरता र गलत सूचना छुट्याउन सिकाउँछ। सिंगापुरले कृत्रिम बुद्धिमत्ता र डिजिटल सूचनाको सत्यता जाँच्न सिकाउँदैछ।

अस्ट्रेलियाले डिजिटल सुरक्षा र जिम्मेवार प्रविधि प्रयोगलाई पाठ्यक्रममा राखेको छ भने चीनले प्राथमिक तहदेखि कृत्रिम बुद्धिमत्ता शिक्षा अघि बढाएको छ। अरू देशले बच्चालाई डिजिटल संसार बुझ्न सिकाउँदैछन्, हामीले डिजिटल भिडको जिम्मामा छोडिरहेका छौं। नेपालमा पनि प्राथमिक तहदेखि डिजिटल साक्षरता सिकाउनुपर्छ। बच्चाले मोबाइल चलाउन मात्र होइन, स्रोत जाँच्न, झूट र तथ्य छुट्याउन, सम्मानपूर्वक असहमति गर्न र कृत्रिम बुद्धिमत्ताले दिएको उत्तर सधैं सत्य हुँदैन भन्ने बुझ्न सिक्नुपर्छ। सबैभन्दा महत्त्वपूर्ण, उसले प्रश्न गर्न सिक्नुपर्छ, 'मेरो ध्यानबाट कसले फाइदा लिइरहेको छ?'

तर जिम्मेवारी सरकार र विद्यालयको मात्र होइन, हाम्रो पनि हो। गलत सूचना छ भने प्रमाणसहित प्रतिवाद गरौं, अन्याय छ भने बोलौं। तर कसैले केवल रिस उठाउन, गाली गराउन र आफ्नो पहुँच बढाउन खोजिरहेको छ भने उसको बजारमा नपसौं। ब्लक गरौं। रिपोर्ट गरौं। अगाडि बढौं। अर्को खाता खोल्यो भने फेरि ब्लक, फेरि रिपोर्ट। अर्को पटक कुनै प्रभावशाली खाताका लागि कसैलाई गाली गर्नुअघि हिसाब गर्नुस्। तपाईंले गाली गर्नुभयो, उसले फर्कायो, बहस बढ्यो, सामग्री फैलियो। खाताको पहुँच, प्रभाव र कमाइको सम्भावना बढ्यो। सबैभन्दा प्रभावकारी प्रतिरोध सधैं ठूलो स्वरको गाली होइन। कहिलेकाहीं सबैभन्दा प्रभावकारी प्रतिरोध उसको व्यापारलाई आफ्नो ध्यान नदिनु हो।

–बाँकी तीन पेजमा

### गाली र ट्रोलको ...

दिनभरि तपाईंले काम गर्नुभयो। साँझ तपाईंको भागमा के आयो ? रिस, तनाव र अपरिचितसँग दुश्मनी। खातावालाको भागमा ? थप पहुँच। मेरो समय मेरो हो। मेरो ध्यान मेरो हो। मेरो रिस पनि मेरो हो। त्यसलाई कसैको व्यापारको निःशुल्क कच्चा पदार्थ किन बनाउने ? तर्क गरौँ, प्रश्न गरौँ, असहमत होऔँ। तर सम्झौँ, डिजिटल संसारमा हाम्रो ध्यानको मूल्य छ।

आफ्नो रिस बेचेर अरूको व्यापार नचलाऔँ।

*डा. कँडेल मेडिकल डाक्टर, जनस्वास्थ्य विशेषज्ञ ( इपिडेमियोलोजिस्ट) तथा मानवशास्त्री हुन्। यहाँ व्यक्त विचार लेखकका नितान्त व्यक्तिगत हुन्। शिलालेखबाट*

### सामुदायिक...

"हामी आफै पनि शिक्षा र स्वास्थ्य पहिलो प्राथमिकतामा राख्नु पर्छ भन्छौं, तर बजेट बन्ने बेलामा शिक्षा र स्वास्थ्यले कम प्राथमिकता पाउँछन्। यो हाम्रो विडम्वना हो।' यो वर्षको बजेटमा पनि संघ सरकारले १० प्रतिशत र मधेश प्रदेश सरकारले ५ प्रतिशत बजेट शिक्षामा विनियोजन गरेको बताए। 'मधेश प्रदेशमा तीन हजार २८६ सामुदायिक विद्यालय छन्। बजेट भने जम्मा डेढ अरव छुट्याएको छ। यो बजेटले के गर्न सकिन्छ तपाई हरुनै अनुमान लगाउनुस्,' मन्त्री सिंहले भने। बजेट अभावकै विच मन्त्रालय प्रदेशका ८ वटै जिल्लामा ३/३ वटाका दरले २४ वटा विद्यालयलाई नमुनाको रुपमा विकास गर्ने योजना रहेको बताए। उनले भने, 'हामीसँग सिमित स्रोत साधन छ, तरपनि मन्त्रालयले सवै जिल्लामा ३/३ वटा विद्यालयलाई समय सापेक्ष नमुना विद्यालयको रुपमा विकास गर्ने योजना बनाएको छ। यसले प्रदेशको शिक्षामा थोरै भएपनि सुधार आउने विश्वास छ।'

सोही क्रममा उनले अंग्रेजी माध्यमबाट पढाई सुरुगर्ने विद्यालयलाई विशेष अनुदान दिने र दरवन्दि मिलान र नमुना विद्यालयहरुको लागि चाँडै स्वयम् सेवक शिक्षक भर्ना गर्ने पनि बताए। मन्त्री सिंहले सवै विद्यालयका प्रधानाध्यापकहरुले विद्यालयको समग्र विकासको योजना बनाएर सम्वन्धित निकायमा दवाव दिन पनि सुझाए। सिरहा जिल्ला समन्वय समितिका उपाध्यक्ष दिलिप कुमार लामाले समयसापेक्ष रुपमा शिक्षालाई प्रविधिमैत्रि बनाउँदै जानु पर्नेमा जोड दिए। उनले बच्चालाई बोवाई चलाउन नदिने भन्दा पनि मोवाईलमा के चलाउनु भन्ने सिकाउनु पर्ने उनको भनाई थियो।

शिक्षा विकास तथा समन्वय इकाई सिरहाका प्रमुख तेजबहादुर खनालले बदलिदो परिवेश अनुसार शिक्षकको शिप विकास गर्दै जानु पर्नेमा बताए। उनले आजवको आवश्यकता अनुसार शिक्षकलाई तालिम, गोष्ठि र कार्यशालाको माध्यमबाट तयार गर्दै जानु पर्ने बताए। उनले भने, 'शिक्षको क्षमता विकास गर्नु पर्छ। राम्रा काम गर्नेलाई पुरस्कारको पनि व्यवस्था आवश्यक छ।' सोही क्रममा प्रधानाध्यापकहरुले विश्व आईटीको क्षेत्रमा प्रवेश गरिसकेपनि हाम्रा विद्यालयहरु अझै झ्याल–ढोका नभएका छन्। विद्यार्थी अझै चिसो भुईंमा बसेर पढ्नु पर्ने अवस्था छ। यो परिस्थिति अन्त्य हुनु पर्ने बताए। उनीहरुले आजको आवश्यकता अनुसार पूर्वाधार र प्रविधिमा पहुँच हुनुपर्नेमा जोड दिए।

कार्यक्रममा पानका मधेश प्रदेश सचिवालय सदस्य गौरीशंकर चौधरी, अर्नमा गाउँपालिका शिक्षा शाखा प्रमुख नथुनी साह, सत्रुधन यादव, शिवनारायण यादवलगायतले मन्तव्य व्यक्त गरेका थिए। शिक्षा विकासको लागि विभिन्न क्षेत्रमा योगदान पुर्‍याएका करिव एक दर्जन शिक्षक, कर्मचारी, विद्यालय व्यवस्थापन समिति अध्यक्ष लगायतलाई प्रमाणपत्र र दोसल्ला ओढाएर सम्मान गरेका थिए।

### आकाशे पानीको...

मधेसमा कुल ५ लाख ६७ हजार ५६५ हेक्टर खेतीयोग्य जमिनमध्ये ३ लाख ७४ हजार ११७ हेक्टरमा धान खेती हुँदै आएको छ। चैते र वर्षे धानलाई समेट्दा प्रदेशको औसत उत्पादकत्व प्रतिहेक्टर ३ दशमलव ९६ मेट्रिक टन रहेको छ। प्रदेशमा हाल करिब १४ लाख ८० हजार ८३० मेट्रिक टन धान उत्पादन हुने गरेको छ। आर्थिक वर्ष २०८१/८२ मा प्रदेशमा १५ लाख २ हजार ५८ मेट्रिक टन धान उत्पादन भएको थियो भने आर्थिक वर्ष २०८०/८१ मा १२ लाख ९६ हजार ६०७ मेट्रिक टन उत्पादन भएको तथ्यांक छ।

धान रोपाइँका बेला पर्याप्त वर्षा नहुँदा किसानले समयमै रोपाइँ गर्न नसक्ने र रोपाइँपछि पानी नपर्दा बालीमा असर पर्ने गरेको छ। पछिल्ला वर्षमा मधेसका विभिन्न क्षेत्रमा खडेरीको समस्या देखिन थालेपछि वर्षामा निर्भर किसानको जोखिम झनै बढेको छ। नेपालमा वार्षिक करिब ७२ लाख मेट्रिक टन धान आवश्यक पर्ने भए पनि औसत उत्पादन करिब ६० लाख मेट्रिक टन मात्रै हुने गरेको छ। माग पूरा गर्न करिब १२ लाख मेट्रिक टन धान भारतबाट आयात गर्नुपर्ने अवस्था छ।

कृषि उत्पादन बढाउने उद्देश्यले संघ, प्रदेश र स्थानीय तहले डिप ट्युबेल, नहर, कुलो तथा बोर्डिङ निर्माणमा लगानी गर्दै आएका छन्। तर कतिपय संरचनाको नियमित सञ्चालन, मर्मतसम्भार र पानी वितरण प्रभावकारी नहुँदा लगानीअनुसारको लाभ किसानले पाउन सकेका छैनन्। मधेसमा धानसँगै गहुँ, उखु, मकै, आँप, केरा, दलहन र तेलहनलगायतका बालीको समेत उल्लेख्य उत्पादन हुन्छ। त्यसैले सिँचाइको पहुँच विस्तार र निर्माण भएका संरचनाको प्रभावकारी व्यवस्थापन गर्न सके कृषि उत्पादन र किसानको आम्दानी दुवै बढाउन सकिने सम्भावना छ।

अहिले पनि मधेसका धेरै किसान धान रोप्न र बाली जोगाउन आकाशको पानी पर्खन बाध्य छन्। कृषि उत्पादनको आधार मानिएको सिँचाइमा योजनाबद्ध लगानी र दीर्घकालीन व्यवस्थापन हुन सके मात्रै वर्षाको अनिश्चितताबाट किसानलाई मुक्त गर्न सकिने देखिन्छ।

### राप्रपा महामन्त्री...

झाँगिएको पाठकको आरोप छ। 'म लगायत नयाँ जोडिएका साथीहरूले सो अवस्थामा परिवर्तन ल्याउन सक्ने कुनै सम्भावना देखिँदैन,' उनले भनेका छन्।

# महाधिवेशन प्रकृया नरोके पार्टी विभाजन हुन्छ : नेता लेखक

काठमाडौं, २१ भदौ। नेपाली कांग्रेसका नेता रमेश लेखकले १५औं महाधिवेशन प्रकृया तत्काल नरोके पार्टी विभाजन निश्चित रहेको बताएका छन्। आइतबार कन्चनपुरमा कार्यकर्तासँगको भेटघाटका क्रममा नेता लेखकले यस्तो बनाएका हुन्। आफूहरुले हदैसम्मको लचतकता अपनाएर एकताको प्रयास गरिरहेको बताउँदै उनले भने, 'यदि अधिवेशन रोकिएन भने पार्टी विभाजन हुन्छ है, यो कुरा प्रष्ट भन्नुपर्छ साथिहरुलाई। पार्टी विभाजन रोक्नको लागि एउटै उपाय अधिवेशन रोक्नु हो।'

विशेष महाधिवशेनबाट विवाद सुरु भएको जिकिर गर्दै नेता लेखकले समाधानका लागि विशेष महाधिवेशन र १४औं महाधिवेशनको कार्यसमितिलाई एकै ठाउँमा राख्नुपर्ने बताए। आफूहरुले गगन थापालाई नै सभापति स्वीकार गरेको प्रष्ट पार्दै उनले थपे, 'गगनजीलाई अल्पमतमा पर्छु भन्ने चिन्ता छ भने बहुमतमा हुनका लागि जति मान्छे मनोनित गर्नुहुन्छ गर्नुस् भनेको हो। अब के भन्ने त्योभन्दा बढी ?'

# नाढीमन ताल अवलोकन गर्न पर्यटक आकर्षित



सर्लाही, २१ भदौ। धार्मिक तथा ऐतिहासिक महत्व बोकेको सर्लाहीको नाढीमन ताल परिसरमा पुनः पर्यटकीय गतिविधि बढ्दै गएको छ। जैविक विविधता युक्त यस ताललाई केही समय पहिला संस्कृति पर्यटन तथा नागरिक उ यन मन्त्रालयले देशको १०० पर्यटकीय गन्तव्यमा सूचीकृत गरेको थियो तर आन्तरिक व्यवस्थापन र तालको पर्यटन प्रवर्द्धनमा बेवास्ता हुँदा लामो समय सुनसान प्राय बनेको तालमा फेरि एक पटक चहलपहल सुरु भएको हो।

बाउन्न बिगाहा क्षेत्रफल रहेको भनिएको यस नाढीमन ताल चन्द्रनगर गाउँपालिका–६ र ७ मा फैलिएको छ। चारै तर्फबाट अतिक्रमणको चपेटामा परेको तालको अहिले ३५ बिगाहा क्षेत्र पानीले ओगटेको छ भने बाहिरी भागको दक्षिण पश्चिम क्षेत्रमा मिथिला कलाघर, 'चिल्ड्रेन पार्क', निर्माण भएको छ।

तालको चारैतिर सडकसहितको ड्याम निर्माण गरी पर्यावरणीय हिसाबले विकास गर्ने गरी वृक्षरोपणका कार्यक्रम पनि अघि सारिएको पालिकाका अध्यक्ष राजकुमार महतोले जानकारी दिए। ताल परिसरमै निर्माण भएको साबिक गाविस कार्यालय, श्री मरीचि मानेश्वर महादेव मन्दिर, धर्मशाला भवन र गाउँपालिकाको प्रशासनिक भवनले तालको केही क्षेत्र ओगटेको छ।

विक्रम संवत् २०७२ मा राष्ट्रपति चुरे संरक्षण विकास कार्यक्रमअन्तर्गत नेपाली सेनाले ताल परिसर सरसफाइ गरी, मानिस बस्ने बेन्च निर्माण गर्ने र वृक्षरोपण लगायतका काम गरेको थियो। संरक्षण अभावमा जलकुम्भीले ढाकेर कुरूप बनेको ताल परिसर आकर्षक बनेको थियो। जनमानसमा तालको चर्चा चुलिएपछि पर्यटकको आगमन सुरु भएको थियो। घुम्न आउने मानिसको उपस्थितिबाट उत्साहित स्थानीय व्यापारीहरूले ठूलो लगानी गरेर व्यापार–व्यवसाय सञ्चालन गर्नुभयो तर त्यो धेरै समय टिकेन। ताल संरक्षणमा फेरि लापरबाही हुँदै गएसँगै अस्तव्यस्त ताल कुरूपसँगै सुनसान बन्दै गयो। तालको छेवैमा लाग्दै आएको हाटबजार सुक्यो। पर्यटकहरूलाई लक्षित गरेर सञ्चालन गरिएको पसल, होटल व्यवसाय सबै पलायन भयो। एक दिन यस क्षेत्रमा फेरि चलहपहल सुरु हुने आशले बसेका व्यापारीहरू पछिल्ला दिनमा धार्मिक तथा अन्य पर्यटकको उपस्थितिबाट उत्साहित छन्।

प्रशस्त सम्भावना बोकेको यस ताल २०८१ सालमा ठेकेदारले माछा निकाल्न भनेर सुकाएपछि गौचरनमा परिणत भएको थियो। त्यसपछि बिस्तारै पुरानो अवस्थामा फर्कंदै गएको तालमा अहिले पानी भरिभराउ भएको छ। तालमा पानी आउने कुनै ठूलो स्रोत छैन। यहाँ जमिन मुनिबाट नियमित जरुवा पानी निस्कने गरेको छ। यसैबाट ताल सधैँ भरिभराउ रहने गरेका अध्यक्ष महतोले बताए।

लामो समय अस्तव्यस्त बनेको ताल सुन्दर बन्दै गएसँगै पर्यटक आउन थालेका स्थानीय व्यापारी लक्ष्मी सिंहले जानकारी दिइन्। आन्तरिक तथा बाह्य भारतको विहार राज्यका विभिन्न जिल्लाबाट आउने पर्यटकका कारण स्थानीय व्यापारीहरू उत्साहित छन्। शनिबार ताल परिसरको पार्कमा छोरा घुमाउन आएको सर्लाहीको बरहथवा–५ निवासी बुद्धबहादुर थिङले ताल परिसर सुनेकोभन्दा सुन्दर रहेको प्रतिक्रिया दिए।

प्रचारप्रसारको अभावमा गुमनाम तालको विषयमा धेरैलाई थाहा नभएको उनले बताए। अत्यन्त महत्वपूर्ण यस्ता प्राकृतिक सम्पदाको संरक्षणमा स्थानीय सरकार सचेत हुनुपर्ने उनको धारणा थियो। निर्माणाधीन अवस्थामा रहेको ताल परिसर फोहोर हुँदा पर्यटकहरू निराश हुने उनले बताए। "एक पटक घुम्न आएका पर्यटकले अरूलाई पनि आउन प्रोत्साहन गर्ने माहोल हुनुपर्छ," उनले भने, "त्यसपछि कसैले केही गर्नु पर्दैन।"

तालको मुख्य आकर्षणको केन्द्रका रुपमा ताल शयरको सुविधा भए पनि दिगो व्यवस्थापनको अभावमा नियमित मोटरबोट सञ्चालन नभएको पर्यटकहरूको गुनासो छ। सदरमुकाम मलंगवाबाट घुम्न आएका दिनेश महतोले आफू तालमा बोट चढ्न भनेर धेरै पटक आउँदा पनि सफल नभएको गुनासो गरे। "कहिले बोट बिग्रिएको छ, भन्नुहुन्छ," उनले भने, "अहिले ठेकेदारले चलाउन दिएको छैन् रे।"

सुविधा नहुँदा तालमा एक पटक आउने पर्यटक फर्केर आउने वातावरण नरहेको उनले गुनासो गरे। उनले ताल परिसरमा रहेका संरचनाको प्रयोग र व्यवस्थापन निकै कम्जोर रहेको बताए। पार्कमा भर्खर निर्माण भएको बालबालिकाले खेल्ने संरचनाहरू जीर्ण अवस्थामा छ। केही धरापका रुपमा रहेकाले निकै जोखिम रहेको उहाँले बताउनुभयो। त्यसतर्फ स्थानीय सरकारलाई ध्यान दिनसमेत उनको अनुरोध छ।

यस गाउँपालिकाले ताल परिसरमा पार्क, प्रतीक्षालय, मठमन्दिर, शौचालयलगायत संरचना निर्माणका लागि २०८१ असार २१ गते सात करोड ८० लाख ४३ हजार १९ रुपैयाँ ७० पैसामा ठेक्का लगाएको थियो। ३६ महिनामा निर्माण सम्पन्न गर्ने गरी एस एन्ड एस/काल्सा जेभी बागमती सर्लाहीले निर्माणको जिम्मा लिएको हो। नाढीमन ताल परिसरको मौलिक पुनर्निर्माण तथा सौन्दर्यकरणले यस क्षेत्रलाई पर्यटन प्रवर्द्धनमा ठूलो टेवा पुगेको स्थानीय राम स्वगारथ रायले बताए।

पालिकाले आन्तरिक आयको उद्देश्य राखेर माछापालनका लागि पोखरी ठेक्का लगाएको छ। जसले गर्दा तालमा मोटरबोट सञ्चालन हुन नसकेको बोट व्यवस्थापक कर्मचारी धनिराम सहनीले बताए। मोटरबोट सञ्चालन गर्दा माछा मरेको भन्दै सम्झौताबमोजिम तालमा बोट चलाउन ठेकेदारले रोक लगाएको छ। तालमा मरेका माछा तथा अन्य फोहोरका कारण दुर्गन्धित हुँदा समस्या भएको पर्यटकहरूको गुनासो छ। स्थानीय बिनिता महतोले माछा मरेको दुर्गन्धका कारण तालको छेउमा उभिन पनि सकस भएको बताइन्। यसतर्फ पालिकाले बेलैमा ध्यान नदिए विगतमा जस्तै तालमा आउने पर्यटक घट्दै जाने जोखिम रहेको उनको आशंका थियो।

# मधेशका १७८ जना अझै बेपत्ता



सिरहा, २१ भदौ। भोटेकोशी नदीमा आएको विनाशकारी बाढीपछि मधेश प्रदेशका विभिन्न जिल्लाका १७८ जना अझै सम्पर्कविहीन छन्। मधेश प्रदेश प्रहरी कार्यालयले पछिल्लोपटक सार्वजनिक गरेको विवरणअनुसार प्रदेशका आठवटै जिल्लाबाट २२० जना सम्पर्कविहीन भएकोमा ३८ जना सम्पर्कमा आएका छन्। दुईजनाको मृत्यु भएको छ। सप्तरी र बाराका एक–एकजनाको शव फेला परेको प्रहरीको अभिलेखमा उल्लेख छ।

सप्तरीका सञ्जय साह सम्पर्कमा आएका छन् भने महोत्तरीको गौशाला नगरपालिका–५ का कुशल खपांगी मगरको शव फेला परेको छ। यी दुवै घटना प्रहरीको तथ्यांकमा समावेश हुन सकेका थिएनन्। मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता प्रभुप्रसाद ढकालका अनुसार पछिल्लो विवरणसमेत समेट्दा मधेशका आठ जिल्लाबाट १७८ जना सम्पर्कविहीन, ३९ जना सम्पर्कमा आएका र तीनजनाको मृत्यु भएको देखिन्छ। प्रहरीको तथ्यांकअनुसार सप्तरी सबैभन्दा बढी प्रभावित जिल्ला हो। सप्तरीबाट ५२ जना सम्पर्कविहीन रहेकामा तीनजना सम्पर्कमा आएका छन्। एकजनाको मृत्यु भएको छ।

पर्साबाट ४६ जना बेपत्ता भएकामा तीनजना सम्पर्कमा आएका छन्। बाराबाट ३० मध्ये चारजना सम्पर्कमा आएका छन्। एकजनाको मृत्यु भएको छ। रौतहटबाट २० मध्ये ६ जना सम्पर्कमा आएका छन्। सर्लाहीका २७ मध्ये ६ जना सम्पर्कमा आएका छन्। महोत्तरीमा १७ मध्ये सातजना सम्पर्कमा आएका छन्। धनुषामा १४ मध्ये सातजना र सिराहाका १४ मध्ये दुईजना सम्पर्कमा आएका छन्।

# जनकपुर बोल्ट्स र ड्रीम स्पोर्ट्र्सबाट अलग भएको उत्सव सिग्देलको घोषणा



काठमाडौं, २१ भदौ। नेपाल प्रिमियर लिग (एनपीएल) को पहिलो संस्करणको विजेता टोली जनकपुर बोल्ट्सका सञ्चालक उत्सव सिग्देलले जनकपुर बोल्ट्स र ड्रीम स्पोर्ट्स प्रालिबाट आफू सम्पूर्ण सञ्चालन तथा व्यवस्थापकीय जिम्मेवारीबाट अलग भएको घोषणा गरेका छन्।

सामाजिक सञ्जाल फेसबुकमार्फत सार्वजनिक गरेको लामो स्टाटसमा सिग्देलले आफू तत्काल प्रभावबाट दुवै संस्थाको दैनिक सञ्चालन, प्रशासन, वित्तीय निर्णय, खेलाडी तथा कर्मचारी व्यवस्थापन र अन्य सबै सञ्चालन सम्बन्धी भूमिकाबाट अलग भएको जानकारी दिएका हुन्। उनले अबदेखि आफ्नो नाम जनकपुर बोल्ट्स वा ड्रीम स्पोर्ट्स प्रालिको कुनै पनि आधिकारिक प्रतिनिधित्व, प्रतिबद्धता, कारोबार वा सञ्चारसँग नजोड्न अनुरोध गरेका छन्। साथै, अबपछि संस्थाको तर्फबाट हुने कुनै पनि निर्णय वा दायित्वप्रति आफू जिम्मेवार नहुने स्पष्ट पारेका छन्।

सिग्देलले जनकपुर बोल्ट्ससँगको यात्रामा साथ दिने सम्पूर्ण समर्थक, खेलाडी, कर्मचारी र शुभेच्छुकप्रति आभार व्यक्त गरेका छन्। उनले उक्त यात्राबाट प्राप्त अनुभव, अवसर र सम्बन्धलाई जीवनभर मूल्यवान् रूपमा सम्झने उल्लेख गरेका छन्। यद्यपी, नेपाली खेलकुदप्रतिको आफ्नो प्रतिबद्धता भने यथावत रहने उनको भनाइ छ। भविष्यमा नयाँ परियोजना र पहलमार्फत नेपाली खेलकुदको विकासमा योगदान दिने प्रतिबद्धता व्यक्त गर्दै उनले जनकपुर बोल्ट्स र ड्रीम स्पोर्ट्सको आगामी यात्राका लागि सफलताको शुभकामना दिएका छन्।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो।

# क्यासिनोबाट गाउँपालिकाका अध्यक्ष र इन्स्पेक्टरसहित ८ जना पक्राउ

**क्रान्ति शाह**

वीरगन्ज, २१ भदौ। वीरगन्जस्थित एक क्यासिनोबाट प्रहरीले स्थानीय तहका जनप्रतिनिधि र प्रहरी अधिकारीसहित ८ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा पर्साको सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष जसवन्त यादव,पर्साकै इलाका प्रहरी कार्यालय पोखरियाका प्रहरी निरीक्षक (इन्स्पेक्टर) प्रदीप पौडेललगायतका रहेका छन्। वीरगन्ज महानगरपालिका वडा नम्बर १४ गण्डकस्थित क्लार्क रिसोर्टमा रहेको गोल्डेन फिगर गेमिंग जोन क्यासिनोमा शनिबार राति प्रहरीले छापा मारेर यादव र पौडेलसहित ८ जनालाई पक्राउ गरेको हो।

उक्त क्यासिनोमा नेपाली नागरिकलाई प्रवेश गराई जुवा खेलाई रहेको भन्ने सूचना प्रहरीलाई प्राप्त भएको थियो। उक्त सूचना



प्राप्त हुनासाथ जिल्ला प्रहरी कार्यालय पर्साबाट प्रहरी उपरीक्षक (एसपी) पवन भट्टराईको नेतृत्वमा खटिएको प्रहरी टोलीले क्यासिनोमा छापा मारेको थियो। त्यसक्रममा प्रहरीले क्यासिनोमा जुवा खेल्ने र नेपाली नागरिकलाई प्रवेश गराई जुवा खेलाउने कार्यमा संलग्न क्यासिनोका कर्मचारीसहित ८ जनालाई नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता तथा प्रहरी नायब उपरीक्षक (डीएसपी) चक्रबहादुर मल्लले जानकारी दिए।

पक्राउ पर्नेहरूमा सखुवा प्रसौनी गाउँपालिकाका अध्यक्ष यादव,सखुवाप्रसौनी गाउँपालिका वडा नम्बर ६ कै ३० वर्षीय चन्दन सहनी, वीरगन्ज महानगरपालिका वडा नम्बर ११ का ३९ वर्षीय ओमप्रकाश बैठा, इलाका प्रहरी कार्यालय पोखरियामा कार्यरत प्रहरी निरीक्षक स्याङ्जाको हरिनास गाउँपालिका वडा नम्बर ७ घर भएका ३६ वर्षीय प्रदिप पौडेल रहेका छन्।

यस्तै क्यासिनोमा नेपाली नागरिकलाई प्रवेश गराई जुवा खेलाउने कार्यमा संलग्न उक्त क्यासिनका कर्मचारीहरू वीरगन्ज महानगरपालिका वडा नम्बर १४ का विजयकुमार पटेल, वडा नम्बर २५ का ३१ वर्षीय दिनेशकुमार पटेल,महोत्तरीको पिपरा गाउँपालिका वडा नम्बर ५ का ४९ वर्षीय जयदेव साह र वीरगन्ज महानगरपालिका वडा नम्बर १२ का ५० वर्षीय प्रदेशी साहलाई पनि पक्राउ गरिएको प्रहरी नायब उपरीक्षक मल्लले जानकारी दिए। पक्राउ गरिएका आठैजनालाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर थप अनुसन्धान भइरहेको मल्लले बताए।

# ‘भगवानलाई भेटी, बाढीपीडितलाई राहत’

**किशोर बुढाथोकी**

विराटनगर, २१ भदौ। भगवान श्रीराधाकृष्णप्रतिको आस्थाले चढाइएको भेटी अब विपद्मा परेका नागरिकको जीवनमा सहयोग बन्ने भएको छ। विराटनगरमा शनिबार राति सम्पन्न ५९ औं श्रीराधाकृष्ण रथयात्राका क्रममा श्रद्धालु भक्तजनबाट संकलन भएको २ लाख ८२ हजार ४१८ रुपैयाँ भोटेकोशी बाढीपीडितको राहतमा प्रयोग गरिने भएको हो। रथयात्रा सकिएपछि संकलित भेटी रकम आइतबार बिहान गणना गरिएको थियो। श्रीराधाकृष्ण रथयात्रा मूल समारोह समितिका संयोजक कैलाश रेग्मीका अनुसार रथयात्राका क्रममा भक्तजनबाट उक्त रकम संकलन भएको हो।

समितिले यसपटक रथयात्रामा संकलित भेटीलाई धार्मिक प्रयोजनमा मात्र सीमित नगरी विपद्मा परेका नागरिकको सहयोगमा लगाउने निर्णय गरेको छ। संकलित सम्पूर्ण रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा जम्मा गरिने रेग्मीले बताए।

गत भदौ १० गते भोटेकोशी नदीमा आएको विनाशकारी बाढीले ठूलो जनधनको क्षति पुर्‍याएपछि सयौं परिवार प्रभावित भएका छन्। बाढीले घर, सम्पत्ति र जीविकोपार्जन गुमाएका नागरिकका लागि अहिले विभिन्न क्षेत्रबाट राहत र सहयोग जुटाउने क्रम चलिरहेको छ। त्यही मानवीय अभियानमा योगदान गर्ने उद्देश्यले रथयात्राको भेटी रकम बाढीपीडितका लागि उपलब्ध गराउने निर्णय गरिएको समितिले जनाएको छ।

रथयात्राका क्रममा बाढीपीडितका लागि राहत रकम संकलन गर्न तीनवटा छुट्टाछुट्टै दानपेटिका समेत राखिएका थिए।



त्यसबाहेक खट र रथमा श्रद्धालु भक्तजनले चढाएको भेटी रकमसमेत बाढीपीडितकै राहतमा उपलब्ध गराइने भएको छ। रथयात्रामा सहभागी हुने श्रद्धालुको अत्यधिक भिडभाड र सुरक्षा व्यवस्थाका कारण सबैले सिधै खट तथा रथमा भेटी चढाउन सहज नहुने भएकाले राहत संकलनका लागि छुट्टै दानपेटिका राखिएको संयोजक रेग्मीले बताए।

उनका अनुसार धार्मिक आस्थाका साथ भक्तजनले चढाएको रकमलाई यसपटक सामाजिक सेवामा लगाउने निर्णय गरिएको हो। 'रथयात्रामा श्रद्धालु भक्तजनबाट संकलन भएको भेटीलाई यसपटक सामाजिक सेवामा प्रयोग गर्ने निर्णय गरेका छौं। संकलित सम्पूर्ण रकम प्रधानमन्त्री दैवी प्रकोप उद्धार राहत कोषमा जम्मा गरिने छ। भोटेकोशी बाढीपीडितको राहतमा सहयोग पुग्ने विश्वास लिएका छौं,' रेग्मीले भने।

रथयात्रा धार्मिक आस्थाको पर्व भए पनि त्यसबाट संकलित रकम विपद्मा परेका नागरिकसम्म पुर्‍याउने निर्णयले यसको सामाजिक पक्षलाई समेत उजागर गरेको छ। 'विपद्को पीडामा रहेका परिवारका लागि रकम ठूलो नहुन सक्छ। तर, उनीहरूको दुःखमा साथमा रहेको अनुभूति गराउन उक्त रकमले महत्वपूर्ण भूमिका खेल्ने समितिको विश्वास छ,' रेग्मी भन्छन्। हरेक वर्ष श्रीकृष्ण जन्माष्टमीको भोलिपल्ट विराटनगरमा निकालिने भव्य राधाकृष्ण रथयात्रा यस वर्ष ५९औं संस्करणका रूपमा सम्पन्न भएको हो।

रथयात्रामा हजारौं श्रद्धालु भक्तजनको सहभागिता रहेको थियो। आस्थाका साथ भगवानलाई चढाइएको भेटी अब बाढीले घरबार र आफन्त गुमाएका नागरिकका लागि राहत बन्ने छ। धार्मिक विश्वासबाट संकलित रकम मानवीय सेवामा समर्पण गर्ने समितिको निर्णयले 'धर्म केवल पूजा र आस्थामा मात्र नभएर दुःखमा परेकाको साथमा उभिनु पनि हो' भन्ने सन्देश दिएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद ढंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिराहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिराहा)